# स्थनीय राजपत्र

पालुङटार नगरपालिकाद्धारा प्रकाशित

खण्ड ०९) पालुङटार, जेठ २८ गते, २०८२ साल (संख्या ३

पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग २

## घ वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्वन्धी कार्यविधि (दोस्रो संशोधन), २०८२

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०२/२७

| सि.नं | हालको दफा | हालको व्यवस्था | संशोधन तथा थप व्यवस्था | संशोधन तथा थप गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १ | दफा २ को उपदफा ३ | दफा २ को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयको लागि कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ । | उपदफा (२) बमोजिमको समितिले योग्यता पुगे नपुगेको जाँचबुझ गरि सिफारिस सहित इजाजतपत्र प्रदान गर्नको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । | कार्यालयको प्रशासनिक प्रकृतिको कार्य भएकोले प्रमुख प्रशासकीय अधिकृत वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकृत कर्मचारीबाट टुङ्ग्याउन उपयुक्त हुने भएकोले |

| | | | | |
|---|---|---|---|---|
| २ | दफा २ को उपदफा ४ | उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र वापत अनुसूची - २ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ । | उपदफा (३) बमोजिम पेश भएको सिफारिसको आधारमा न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी/फर्म/कम्पनीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र वापत अनुसूची -२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ । | कार्यालयको प्रशासनिक प्रकृतिको कार्य भएकोले प्रमुख प्रशासकीय अधिकृत वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकृत कर्मचारीबाट टुङ्गयाउन उपयुक्त हुने भएकोले |

आज्ञाले,
कमानसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत